बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

श्री

बैठक संख्या:

आज मिति २०८३ साल भाद्र ११ गते दिउसो २:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधक्निा तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, स.प्र.अ | |

प्रस्तावहरु :

१. हरियाली प्रवर्धन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२. जीर्ण भवन भत्काउने सम्बन्धमा ।

३. विपतमा परेका नागरिकहरु लाई राहत सहयोग उपलव्ध गराउने सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

निर्णय नं. १

क) पूर्वाधार विकासलाई दिगो र भरपर्दो बनाउन हरियाली प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न रु ३ लाखभन्दा माथिका हरेक आयोजनाबाट २ प्रतिशत रकम कट्टा गरी वातावरणमैत्री सहभागिता अपनाइने नीति अनुरुप हरियाली प्रवर्द्धन कोषमा जम्मा भएको रकम देहाय वमोजिम बाँडफाड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु हजारमा | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | विद्यालयको जग्गामा फलफुलका विरुवा रोपण कार्यक्रम | ५ | २००.० | श्री शान्ति नि.रेवती गौमाता गौतम माध्यमिक विद्यालय | |
| २. | महेन्द्र राजमार्ग अन्तर्गत सरावल सिमादेखि पूर्व दक्षिणतर्फ वृक्षारोपण गर्न तारजाली निर्माण | ९ | ७००.० | | |
| ३. | जग्गा संरक्षण (२-१७-०-०) को लागि तारजाली निर्माण | ६ | प्राविधिक लागत अनुमान अनुसार | | |

निर्णय नं. २

- श्री नित्यानन्द रत्नकुमारी माध्यमिक विद्यालय, बर्दघाट -१२ ले विगत २०३५ सालमा निर्माण भएको १२ कोठे भवन अत्यन्तै जीर्ण भएको तथा २०७२ को भूकम्पका कारण थप क्षति भएकोले प्रयोग विहिन अवस्थामा रहेको भवन भत्काउन भनि च. नं. १२ मितिः २०८३/०४/२७ को पत्रसाथ Structural engineer र नगरपालिकाको प्राविधिक प्रतिवेदन समेतका आधामार अनुमति माग भई आएकोले उक्त भवन जोखिमपूर्ण देखिएकोले नियमानुसार भत्काउन अनुमति प्रदान गर्ने ।

निर्णय नं. ३

- रसुवास्थित भोटेकोशी नदीमा बुधबार (भदौ १०)आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुऱ्याएको छ । विपद्‌मा परि मृत्यु भएका नागरिकप्रति हार्दिक श्रद्धाञ्ली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदना तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना एवम् अपलपत्र परेका नागरिकहरुको खोज तथा उद्धार र विपद् प्रभावित नागरिकहरुको राहतको लागि बर्दघाट नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नगर विकास कार्यक्रम विपद् व्यवस्थापन कोष शीर्षकमा (ब.सि.नं. २७७) मा छुट्टाईएको बजेट रु ४०,००,०००/- (रुपैया चालिस लाख मात्र) रकम मध्येबाट रु ३,००,०००/- (रुपैया तीन लाख मात्र) रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने ।
- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा यथाशक्य सहयोग गर्न बर्दघाट नगरपालिकाका जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरुलाई ३ (तीन) दिन बराबरको पारिश्रमिक उपलब्ध गराउन अनुरोध गर्ने ।
- बाढीबाट मृत्यु भएका नागरिकहरुको खोजी एवम् घाईतेहरुको राहत तथा उद्दार, स्वास्थ्य उपचार सहित अन्य सबै पक्षहरुको व्यवस्थापनमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्न यस नगरपालिका अन्तर्गत रहनु भएका ईच्छुक व्यक्ति, निजी क्षेत्र, सहकारी क्षेत्र संघ/संस्था, उद्योगि व्यवसायी, विभिन्न निकाय, राष्ट्र सेवक कर्मचारी लगायत सम्बन्धित सबै पक्षलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सक्दो सहयोग गर्न अनुरोध गर्ने ।